# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, मंसिर २९ गते २०६० साल (संख्या ३५


## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकारी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भारत लगायत तेस्रो मुलुकबाट नेपालमा प्रेसर कुकर पैठारी भएपछि कुनै व्यक्ति वा डिलरले वाणिज्य कार्यालय वा प्रमुख जिल्ला अधिकारीको सिफारिसमा क्षेत्रिय प्रशासन कार्यालयको स्वीकृति लिएर मात्र भन्सार नाकाबाट तोकिएको स्थानसम्म तोकिएको परिमाणमा प्रेसर कुकर ढुवानी गर्न पाउने व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२.१.२ बमोजिम त्रिभुवननगर नगर विकास समिति, त्रिभुवननगर, दाङ्गले सेवार खोला एकीकृत जग्गा विकास कार्यक्रमको लागि त्रिभुवननगर नगरपालिका वडा नं. १०, साविक दाङ्ग घोराही ७ (ग) को तपसिलको चार किल्लाभित्रका दाङ्ग सेवार खोला क्षेत्रमा रहेका विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण (Land Pooling) गरी नगर योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्थागर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविकको जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने सोको योजना श्री ५ को सरकारबाट मिति २०६०।५।९ मा स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पूर्वः- पशु स्वास्थ कार्यालयदेखि पश्चिमको सिँचाइ कुलो

पश्चिमः- सेवार खोला

उत्तरः- शाही नेपाली सेनाको ब्यारेकदेखि हापुर जाने सडक

दक्षिणः- मिलन चोकदेखि बडहरा जाने सडक ।

### सूचना २

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२.१.२ बमोजिम म्याङलुङ तम्फुला नगर विकास समिति, तेह्रथुमले म्याङलुङ गाउ विकास समिति वडा नं. १ स्थित म्याङलुङ बजारको पुनः निर्माण गर्न बजार क्षेत्रभित्र पर्ने तपसिलको चारकिल्ला तथा सो क्षेत्रभित्रका कित्ता जग्गाहरूलाई एकीकरण (Land Pooling) गरी नगरयोजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधा व्यवस्था गर्दा लागेको केही खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविकको जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सोको योजना श्री ५ को सरकारबाट मिति २०५३।११।२८ मा स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वः- यस जग्गा एकीकरण कार्यक्रममा समावेश भएका कित्ता नं. ३११, ३०८, ३० ७, ३०६, ७२१, ८०५, ३०३, ३०१, ३००,२९९२९८

पश्चिमः- यस जग्गा एकीकरण कार्यक्रममा समावेश भएका कित्ता नं.२४५,८७० ८६९, १६४, १६५, १६६, १६७, १६८, १५९, ८४३, ८४४, १५३, १५४ र कारागार जाने बाटो पूर्वको सिंचाई कार्यालयको कित्ता नं. ६८७

उत्तरः- सिंहदेवी भगवती मन्दिर अगाडिको सिंचाई कार्यालय जाने बाटोदेखि स्याङलुङ क्याम्पस जाने बाटोसम्म ।

दक्षिणः- यस जग्गा एकीकरण कार्यक्रममा समावेश भएका कित्ता नं. २१५, २१६, २२३, २२५, २२६, २२७, २२८, २२९ २३०, ८७२, ८७१, ८५७, ८५८, २४०, ८५९, ८६० र २४४ ।

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी बी.पी. मेमोरियल क्यान्सर अस्पताल भरतपुरले आयात गर्ने अमेरिकी डलर ४,८००.०० मूल्य बराबरको PCBA ssy AIM Regulator Model र Novarties, Switzerland बाट उपहार स्वरूप प्राप्त गर्ने CHF १६,५४२.०० मूल्य बराबरको Glivec नामक औषधिमा लाग्ने भन्सार महसुल मध्ये १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिबृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएका अधिकार प्रयोग गरी धुलिखेल अस्पतालको लागि नेपाली मेड हल्याण्डबाट प्राप्त हुने युरो २,३५०.०० मूल्य बराबरको डेलिभरी बेडमा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिबृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०६०।७।२४ को निर्णयानुसार नेपाल अधिराज्यभित्र चल्ने सवारी साधनहरूमा प्रयोग हुने पेट्रोलमा २०६० माघ १ गतेदेखि अनिवार्य रूपमा १० प्रतिशत इथानोल (Ethanol) समिश्रण गरी वातावरण मैत्री इन्धनको रूपमा प्रयोग गर्ने, गराइने हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।